# संघीय संसद
# प्रतिनिधि सभा
# विकास तथा प्रविधि समिति
## आवासको अधिकार सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ सम्वन्धमा समितिको प्रतिवेदन, २०७५

आवासको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (यस पछि "विधेयक" भनिएको को, -

१. विधेयकको प्रस्तावनामा रहेको "नागरिकलाई उपयुक्त" भन्ने शब्दावली पछि "र सुरक्षित" भन्ने शब्दहरु थप गर्ने ।

२. विधेयकको दफा १ को दफा शिर्षक "**<u>संक्षिप्त नाम र प्रारम्भः</u>**" पश्चात "(१)" राखी उपदफा कायम गर्ने ।

३. विधेयकको दफा २ को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राख्ने :

"(च) "परिवार" भन्नाले आवास सुविधा प्राप्त गर्ने नागरिकको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा, दाजु, भाउजु, भाई, भाईबुहारी र दिदी, बहिनी सम्झनु पर्छ ।

तर सो शब्दले कानून बमोजिम अंशवण्डा गरी मानो छुट्टिई आ-आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन ।"

४. विधेयकको दफा ३ को उपदफा (१) को "प्रत्येक नागरिकलाई" भन्ने शब्दावली पछि "उपयुक्त" भन्ने शब्द थप गर्ने ।

५. विधेयकको दफा ५ को,-

(१) उपदफा (५) लाई हटाई त्यसपछि हुन आउने उपदफाक्रम मिलाउने ।

(२) उपदफा (६) क्रम मिलाए पछि हुन आउने उपदफा (५) को "बालबालिका," भन्ने शब्द पछि "असहाय," भन्ने शब्द थप गर्ने ।

६. विधेयकको दफा ६ को दफा शिर्षक "**<u>स्रोत साधन माथीको पहुँचः</u>**" पछि रहेको "(१)" लाई हटाई दफा कायम गर्ने ।

७. विधेयकको दफा ७ को सट्टा देहाय बमोजिमको दफा ७ राख्ने :

"**<u>७. आवास उपलब्ध गराउनेः</u>** यस ऐनको परिच्छेद-२ मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले पारस्परिक समन्वयमा उपलब्ध स्रोत साधनको

आधारमा देहाय बमोजिमका आवासविहीन व्यक्ति तथा परिवारलाई प्राथमिकीकरण गरी क्रमशः तोकिए बमोजिम आवास सुविधा उपलब्ध गराउनु पर्नेछ :-

(क) नेपाल राज्य भित्र आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा घर जग्गा नभएको र आफ्नो वा आफ्नो परिवारको आय आर्जन, श्रोत वा प्रयासबाट आवासको प्रवन्ध गर्न असमर्थ रहेको,

(ख) प्राकृतिक विपत्तिका कारण स्थायीरुपमा विस्थापित भएको र खण्ड (क) बमोजिमको अवस्था विद्यमान भएको ।"

८. विधेयकको दफा ८ को उपदफा (२) मा रहेको "गराउनेछ" भन्ने शब्दको सट्टा "गराईनेछ" भन्ने शब्द राख्ने ।

९. विधेयकको दफा ९ को,-

(१) दफा शिर्षक "**<u>लगत संकलन तथा पहिचान गर्ने:</u>**" पछि "(१)" राखी उपदफा (१) कायम गर्ने ।

(२) देहाय बमोजिम उपदफा (२) थप गर्ने :

"(२) उपदफा (१) बमोजिम संकलन गरिएको लगतको विवरण स्थानिय तहले प्रदेश सरकार मार्फत नेपाल सरकारलाई उपलव्ध गराउनु पर्नेछ ।"

१०. विधेयकको दफा १० को उपदफा (१) मा रहेको ":–" को सट्टा "।" राखी उपदफालाई पूर्णता दिने ।

११. विधेयकको दफा १३ को उपदफा (२) मा रहेको "लैंगिकमैत्री" भन्ने शब्द पछि ", अपागंमैत्री" शब्द थप गर्ने ।

१२. विधेयकको दफा १६ को उपदफा (३) मा रहेको "नष्ट भएको" भन्ने शब्दावलीको सट्टा "पूर्ण क्षति भई बस्न योग्य नभएको" भन्ने शब्दावली राख्ने ।

१३. विधेयकको दफा १७ को उपदफा (२) को सट्टा देहाय बमोजिमको उपदफा (२) राख्ने :

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विपदमा परी आवास पूर्ण क्षति भई बस्न योग्य नभएमा वा नेपाल सरकारले तोकेको भन्दा कम वार्षिक आय गर्ने व्यक्ति तथा निजको परिवारलाई यस ऐन बमोजिमको आवास सुविधा उपलव्ध गराउन बाधा पर्ने छैन ।"

१४. विधेयकको दफा १८ को उपदफा (२) को सट्टा देहाय बमोजिमको उपदफा (२) राख्ने :

“(२) नेपाल सरकार तथा प्रदेश सरकारले यस ऐन बमोजिम आवास सम्वन्धी कार्यक्रम कार्यान्वयनको लागि आवश्यक बजेट, जनशक्ति तथा अन्य प्राविधिक सहायता प्रदान गरी स्थानीय तह मार्फत कार्यान्वयन गर्न सक्नेछन् ।”

१५. विधेयकको दफा १९ को उपदफा (२) को सट्टा देहाय बमोजिमको उपदफा (२) राख्ने :

“(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि भौगोलिक विकटताका कारणले सेवा सुविधा पुर्याउन नसक्ने दुर्गम, विकट तथा असुरक्षित स्थानका वस्ती स्थानान्तरण गरी सुविधायुक्त स्थानमा सार्न बाधा पर्ने छैन ।”

१६. विधेयकको दफा २८ को “फिर्ता गर्न सक्नेछ ।” भन्ने शब्दावली पछि “यसरी फिर्ता गर्ने व्यक्ति वा परिवारलाई सम्वन्धित निकायले सम्मान गर्न सक्नेछ ।” भन्ने शब्दावली थप गर्ने ।

१७. विधेयकको दफा २९ को उपदफा (२) को सट्टा देहाय बमोजिमको उपदफा (२) राख्ने :

“(२) दफा २५ को उपदफा (१) बमोजिमको मुद्दा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।”

१८. विधेयकको ठाउ ठाऊमा रहेको “जेसुकै” भन्ने शब्दको सट्टा “जुनसुकै कुरा” भन्ने वाक्याशं राख्ने।

मितिः २०७५/०५/२८

(जीप छिरिङ लामा)
सभापति
विकास तथा प्रविधि समिति